२०८३ श्रावण ०५ गते मंगलबार

## १३३ औं कार्यपालिका बैठकका निर्णयहरू :

निर्णय नं १ :

नगरपालिका र अन्तर्गतका कार्यालयमा रिक्त रहेको रोजगार संयोजक पदको पदपूर्ति समितिको संयोजक पदमा वालिङ नगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्री जिवन ज्ञवाली र विज्ञ पदमा नेपाल सरकारबाट राजपत्राङ्कित द्वितीय श्रेणीबाट अवकास हुनुभएका श्री राम नारायण पुलामीलाई तोक्ने निर्णय गरियो। कम्प्युटर सहायक परीक्षाको लिखित तथा प्रयोगात्मकको विज्ञका रुपमा भिरकोट नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत श्री सुरेश पंगेनी र ल्याब सहायक पदको विज्ञको रुपमा प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जामा कार्यरत श्री पृथ्वी लामिछानेलाई तोक्ने निर्णय गरियो।

निर्णय नं. २:

आर्थिक वर्ष ०८२/०८३ मा संचालित योजना तथा कार्यक्रमका विषयमा तयार पारिएको वार्षिक प्रतिवेदनमाथि व्यापक छलफल गरी कार्यक्रम संचालनका क्रममा देखिएका कमी कमजोरी सुधार गर्दै जाने र छलफलमा पेश भएको प्रतिवेदन फाइनल गरी सार्वजनिकरण गर्ने निर्णय गरियो।

निर्णय नं. ३

जिल्ला स्तरीय दररेट निर्धारण समितिले स्वीकृत गरी पठाएको आर्थिक वर्ष २०८३/०८४ को जिल्ला दररेटलाई अनुमोदन गरी सोही अनुसार नगरपालिका स्तरीय आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ४

चालु आर्थिक वर्ष २०८३/८४ को नगरपालिका तथा वडा स्तरिय आयोजना कार्यान्वयनको लागि उपभोक्ता समिति गठन गर्ने र उपभोक्ता समितिले गर्न नसक्ने वा नगर्ने प्रकृतिका आयोजना असोज मसान्त भित्र यस कार्यालयमा लेखि पठाउन वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ५ :

मिति २०८३/०३/२५ गतेको नगरस्तरीय विपद् व्यवस्थापन समितिबाट मनसुनजन्य विपद् व्यवस्थापनको लागि नगर प्रमुखज्यूको संयोजकत्वमा ७ सदस्य रहने गरी गठन भएको तपसिल बमोजिमको मनसुन प्रतिकार्य, कमाण्ड पोष्ट लाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री तुलसी राम रेग्मी | नगर प्रमुख | |
| २ | श्री देवी अर्याल | नगर उप-प्रमुख | |
| ३ | श्री धर्मराज ढुङ्गाना | प्रमुख प्रशासकीय अधिकृत | |

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत
धर्मराज ढुङ्गाना

तुलसी राम रेग्मी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ४ | श्री मनोज पौडेल | नगर प्रवक्ता | |
| ५ | श्री सृजना लामिछाने | अधिकृत छैठौं | वन वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ६ | श्री रोशन दोरङ्गा | इन्जिनियर | पूर्वाधार शाखा |
| ७ | श्री सविन लामिछाने | नगर प्रहरी सहायक निरिक्षक | प्रशासन शाखा |

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७३

**निर्णय नं. ६ :**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि २०८१ को दफा ४, सहजीकरण समिति गठन सम्बन्धी उपदफा (१) (६) बमोजिम कार्यपालिकाबाट एक दलित वा अल्पसङ्ख्यक र एक जना महिला गरी दुई जना मनोनयन गर्ने सम्बन्धमा तपसिल बमोजिमका २ जना कार्यपालिका सदस्यलाई मनोनयन गर्ने निर्णय गरियो ।

१. श्री चिजा दर्जि - दलित महिला

२. भोज बहादुर कुमाल — अल्पसङ्ख्यक

**निर्णय नं. ७ :**

मिति २०८३/०३/२५ गतेको नगरस्तरीय विपद् व्यवस्थापन समितिबाट पेश हुन आएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (Disaster Preparedness and Response Plan) लाई स्वीकृत गर्ने निर्णय गरियो ।

.............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

.............................
तुलसी राम रेग्मी
नगर प्रमुख